# लेखापरीक्षण प्रतिवेदन

# बर्जु गाउँपालिका, सुनसरी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बर्जु गाउँपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने  पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न  कर्मचारीहरूमा  समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/268

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
बर्जु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी।

**कैफियतसहितको राय**

हामीले बर्जु गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण को लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकामा आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०)मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ११ लाख ३२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७ लाख ४० हजार, र अन्य रु.४७ लाख ३ हजार समेत गरी रु.११ करोड ६५ लाख ७५ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु १ अर्ब १७ करोड ६७ लाख ६४ हजार लेखापरीक्षण गरिएकोमा रु २ करोड ५४ लाख ९८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु ४ हजार प्रतिक्रियावाट फछ्यौंट भईँ बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु १५ लाख ४३ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ३४ लाख ५० हजार , नियमित गर्नुपर्ने रु ६० लाख ३५ हजार र पेश्की बाँकी रु ४४ लाख ७० हजार रहेको छ । गत वर्षसम्म रु २२ करोड ६१ लाख ९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु २५ करोड १६ लाख ३ हजार रहेको छ ।बेरुजु बर्गीकरण,अद्यावधिक बेरुजु स्थिति र बेरुजु संपरीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विरण तयार गर्ने बर्जु गाउँपालिकासँग हामी स्वतन्त्र छौ । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय ब्यक्त गर्न पर्याप्त छौ ।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बर्जु गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | १३५ | २५४९८५३६ | ० | २ | ४४९० | ० | ६९ | १३३ | २५४९४०४६ | १५३८७८१ | ६०३५२५१ | १३४५००१४ | ० | ० | १९४८५२६५ | ४४७०००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | २२६१०९००० | ० | ० | २२६१०९००० | ० | २५४९४०४६ | २५१६०३०४६ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | १९ | बढि भुक्तानी | ४४९०.० |

# (८०११४५०४३०० - बर्जु गाउँपालिका, सुनसरी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ६९.४३ वर्ग किलोमिटर तथा ७९२२ घरधुरी र ३६ हजार २ सय ४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।०३ देखि २०८१ ।१०।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.११७६७६४४०८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्न अनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १११९३२११७।, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७४००००।, र अन्य रु. ४७०२५६५। समेत गरी रु. ११६५७४६८२। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३१०३६९८७।६६ | ३१०३६९८७।६६ | ० |
| चालु खर्च खाता | ० | १०५४३१७६।२१ | १०५४३१७६।२१ |
| पुँजीगत खर्च खाता | ० | १०९२६४३२ | १०९२६४३२ |
| विविध खर्च खाता | २३७०८४३ | २३७०८४३ | ० |
| विपद व्यवस्थापन खाता | १४६८१२८।१३ | १४६९५२८ | १३९९।८७ |
| स्थानीय विभाज्य कोष | ० | | |
| कर्मचारी कल्याण कोष खाता | ० | ३२७९९६ | ३२७९९६ |
| धरौटी | १३५११०६२०।७३ | १३४८७२४६।३० | (२३३७४४३) |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| **जम्मा** | | | १९४६१५६१।०८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५२०६६८१४।५४ | २३७९८६१५।५४ | २६५०७६७४ | ५२८६६२६४ | ४८८९४२६१ | २७६३१३५९ |
| प्रतिशत | १०० | १५।६५ | १७।४३ | ३४।७७ | ३२।१५ | १८।१७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १५२०६६८१४।५४ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २३७९८६१५।५४(१५।६५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २६५०७६७४। (१७।४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५२८६६२६४ (३४।७७ प्रतिशत), चौथो त्रैमासिकमा रु. ४८८९४२६१ (३२।१५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २७६३१३५९।(१८।१७प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ३ बजेट तथा योजना

३.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ५६ करोड ७३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२८मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

३.२ योजना प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १६८ वडाको लागि वडागत र पालिकास्तरका कुल ३५५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३५५ | ५४ | १२७ | १७४ |
| २. | वडास्तरीय | १६८ | ० | ८ | १६० |
| जम्मा | | ५२३ | ५४ | १३५ | ३३४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५२३ योजनामात्र कार्यान्वयन भई १२६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.३ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ को उपदफा २ मा वजेट पेश तथा पारीत गर्ने विषयमा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय ब्ययको अनुमानित विवरण माथि छलफल गरी सभावाट पारित हुने बजेट विनियोजन नगरी एकमुष्ट राख्न मिल्ने देखिदैन । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम १८ मा कार्यालयले वजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वियन गरीने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत वजेटमा समावेश गर्नुपर्ने ब्यवस्थावाट पनि योजनागत तथा क्रियाकलापगत वजेट ब्यवस्था नगरी एकमुष्ट वजेट राख्न मिल्ने देखिौन । यस पालिकाले यो वर्ष गत आर्थिक वर्षको भुक्तानी वापत रु. ५९८८७९३०।५४ अबण्डा बजेट व्यवस्था गरी विभिन्न ४७ योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

३.४ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.५ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने परिपाटीलाई अन्त्य गर्दै तोकिएको ढाँचामा लक्ष्य प्रगति तयार गर्नु पर्दछ ।

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०८००००० | २१८७२३४९ | ७१।०१ |
| २ | पूर्वाधार विकास | २११२५९००० | १४००३०९८४।५४ | ६६।२८ |
| ३ | सामाजिक विकास | १९९८१४००० | १७७२६२४४०।७९ | ८८।७१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३२७७००० | ११४८५३६१ | ८६।५१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६१९१४०० | १००४९२३३०।९३ | ८६।४९ |
| **जम्मा** | | **५७१३४१४००** | **४५११४३४६६।२६** | ७८।९६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८८।७१ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ६६।२८ प्रतिशत रहेको छ ।

३.७ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै बर्जु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ८ ले वार्षिक ५ करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ९ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५२०६६८१४।५४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३.८

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

४ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १५९८३२०८.८९ राजस्व बाँडफाँड र अनुदानबाट रु ४३६१८१४००। समेत रु ४५२१६४६०९.८९ आम्दानी भएकोमा चालु तर्फ रु २९९०७६६५१।७२ र पूँजिगत तर्फ रु १५२०६६८१४।५४ समेत रु ४५११४३४६६।२६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.५४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु ७५९८४८८। खर्च भएको छ जुन आन्तरिक आयको ४७.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६।१४ प्रतिशत चालु र ३३.६३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **आन्तरीक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**<u>वजेट व्यवस्थापनतर्फ</u>**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको छैन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृती गरेको छ तर सो व्यवस्था पूर्ण पालना गरेको छैन ।

<u>सार्वजनिक खरीद तर्फ</u>

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना योजनागत र कार्यक्रमगत रुपमा तयार गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार भएको पुष्ट्याई हुने अवस्था छैन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख अवस्था अद्यावधिक गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था छैन ।

**शिक्षातर्फ**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

• मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको छैन ।

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको छैन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट गरेतापनि तथ्यांकमा एकरुपता रहेको छैन ।

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको छैन ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको वा त्यसको अभिलेख राखेको छैन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको छैन ।

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी खर्च गर्ने परिपाटी रहेको छै न।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फारामको प्रयोग पुर्णरुपमा र उद्देश्यअनुरुप प्रयोग र अभिलेख राखेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण कारोबार समाविष्ट नभै एकिकृत आर्थिक विवरणमा म्यानुअली बजेट र खर्चको एकमुष्ट विवरण मात्र प्रविष्ट गर्न सक्ने व्यवस्था भएबाट शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले सारांश दिएतापनि हरेक क्रियाकलाप सहितको विस्तृत विवरण सहितको अवस्था चित्रण हुन सकेको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थलको कार्य अगाडी बढेको देखिएन ।

• पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले माताहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।

**सामाजिक सुरक्षातर्फ -**

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ अनुसार बैक तथा वित्तिय संस्थाहरुले सामाजिक सुरक्षा बिशेष बचत खाताहरु मध्ये निष्कृय खाताको विबरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै केन्द्रिय पञ्जिकरण विभागलाई दिनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले बैकबाट निष्कृय खाताको विबरण प्राप्त गरी सो खातामा बाँकी रहेको रकम संघिय संचित खातामा दाखिला गर्नु पर्दछ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ दो दफा १२ अनुसार कुनै लाभग्राहीको मृत्य भएमा, बसाइ सरी गएमा वा अन्य कुनै कारणले लगत कट्टा गर्नु परेमा लगत कट्ट गरीएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडा सचिव वा निजले तोकेको जिम्मेवार वदाधिकारीले प्रमाणित गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम गरेको पाईएन । पालिकाले यसतर्फ ध्यान दिने पर्दछ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्वन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने स्थानीय तहले संचालन गरेको चौमासिक वा बार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नु पर्ने व्यवस्था गरेकोमा पालिकाले सो बमोजिम गरेको पाईएन ।

उपरोक्त व्यहोरामा सुधार गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छ यसको पूर्ण कार्यान्वयन कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ **जिन्सी तर्फः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले जिन्सी निरिक्षण प्रतिवेदन पारीत गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक

गर्नुपर्दछ ।

• पालिकाले जिन्सी निरीक्षण समिति गठन गरेको छैन । ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

७ **धरौटी:-**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमाली, २०७७ को नियम ३८(११) अनुसार सरकारी सम्पतत्ति नगदी, जिन्सी सुरक्षित राख्न, हिनामिना हुन नदिन कार्यालय प्रमुखले उचित प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । कार्यालयले धरौटी तर्फ गत वर्षको रु. १,०६८७९९८.४७ अल्या गरेकोमा यस वर्ष रु. ६००५८१८.२६ कुल आम्दानी देखाएकोमा रु. ३१८३१९६ फिर्ता तथा रु. शुन्य सदरस्याहा भइ रु. १३५१०६२०.७३ मौज्दात बाँकि रहेको देखिन्छ ।

८ **धरौटी सदरस्याहा :-**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमाबली २०७७ को नियम (६६) को उपनियम (२) मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोहि अबधि भित्र र अबधि नतोकिएकोमा जुन कामको लागि राखिएको हो सो काम समाप्त भएको एक वर्ष भित्र धरौटि रकम प्रमाण सहित फिर्ता गर्नुपर्ने छ । सोही नियम ६८ को (ख) मा उल्लेखित अबधिभित्र धरौटी फिर्ता लिन नआएमा राजश्वमा आम्दानी बाँध्नुपर्ने ब्यबस्था छ । नियममा भएको व्यवस्था अनुसार कारवाहि गरी राजश्व खातामा आम्दानी बाँधि सदरस्याहा गर्नुपर्दछ ।

९ **धरौटी फिर्ता :-**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका देहायबमोजिमका आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर समायोजन गरेको प्रमाण पेश नगरी धरौटी फिर्ता गरको देखिएकोले मूल्य अभिबृद्धि कर रकम समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं मिति | आपुर्तकको नाम | धरौटी फिर्ता | कैफियत |
|---|---|---|---|
| ४।२०८०।०४।२१ | बेलटार निर्माण सेवा | १५४०२ | कर समायोजन नभएको |
| ५।२०८०।०।२१ | त्रिदेव मल्टिप्रपोज ईन्टरप्राइजेज प्रालि | १२५३८ | कर समायोजन नभएको |
| | गौरीभक्त मल्टिप्रपोज ट्रेड प्रालि | २१०१५ | |
| ६।२०८०।०४।२१ | जमुना कन्सट्रक्सन | १०६७१ | कर समायोजन नभएको |
| | साह कन्सट्रक्सन | ८११७ | |
| | अमर कन्सट्रक्सन | १४९६३ | |
| | आर सि कन्सट्रक्सन | १७४०६ | |
| ११।२०८०।०४ ।२८ | अनुग्रह कन्सट्रक्सन | २१२०१ | कर समायोजन नभएको |
| | परिवर्तन निर्माण कन्सट्रक्सन | १९९७५ | |
| | भगवती कन्सट्रक्सन | १५००३१ | |
| | वलिया कन्सट्रक्सन | १६६४० | |
| २३।२०८०।०५।१२ | डी.के. निर्माण सेवा | ३६९२५ | कर समायोजन नभएको |
| २५।२०८०।०५।१३ | डी.के. कन्सट्रक्सन एण्ड ईन्जिनियरीङ | ३५२२१ | कर समायोजन नभएको |
| | यादव ग्रुप अफ कम्पनिज प्रालि | १०६७३ | |
| २७।२०८०।०५।१३ | आयुश निर्माण सेवा | १७०८४ | कर समायोजन नभएको |
| ३०।२०८०।०५।१५ | शिव गुरु निर्माण सेवा | २१३९९ | कर समायोजन नभएको |
| ३५।२०८०।०६।३० | पासन कन्सट्रक्सन | २०४९३ | कर समायोजन नभएको |
| ६२।२०८०।१०।२५ | शिव पार्वति निर्माण सेवा | ५९९५४ | कर समायोजन नभएको |
| ७०।२०८०।१२।१८ | उत्तरा कन्सट्रक्सन एण्ड सप्लायर्श प्रालि | ७४००६ | कर समायोजन नभएको |
| ७३।२०८०।१२।२६ | सन्दर्भ कन्सट्रक्सन प्रालि | ११३४६ | कर समायोजन नभएको |
| ७७।२०८१।०३।१८ | जय बाबा विश्वकर्मा निर्माण सेवा | २७३०५५ | कर समायोजन नभएको |
| ७८।२०८१।०३।१८ | निमिसा एण्ड भिनिसा कन्सट्रक्सन प्रालि | ३२००० | कर समायोजन नभएको |
| जम्मा रकम | | ९००११५ | |

| प्रमाण पेश नगरेको | ९,००,११५ |
|---|---|

## १० सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन

समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

११ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष सम्म कुल रु.२३०१२५६४ पेश्की विभिन्न निकाय व्यक्ति तथा संस्थालाई दिएकोमा यस बर्ष म्याद नाघेको रु.४४७०००० र बाँकी रु.१८५४२५६४ गत विगत बर्ष देखिको म्याद नाघेको र ननाघेको दुवै किसिमको पेश्की बाँकी देखिन्छ । आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ । पालिकाले यस बर्ष निम्न पदाधिकारी, कर्मचारी, संस्था र व्यक्तिहरुलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्योट नभई रु.४४७०००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्योट गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ११ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ४४,७०,००० |

१२ **वडागत खर्च**

नगरपालिकाले वडा नं.१ देखि ६ सम्म प्रति वडा त्रैमासिक रुपमा बैठक भत्ता, दैनिक भ्रमण भत्ता,कार्यालय सञ्चालन, अतिथि सत्कार, ईन्धन ,विविधमा बजेट उपलब्ध गराइ वडा सञ्चालन खर्च गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु गाउँ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार लगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्बार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

| खर्च शीर्षक | विनियोजित रकम रु |
|---|---|
| मसलन्द | ३००००० |
| मोटरसाईकल मर्मत | ५०००० |
| संचार | २०००० |
| भ्रमण खर्च | ८०००० |
| ईन्धन | ५०००० |
| धार्मिक सहायता | २००००० |
| विविध | ४००००० |

१३ **अनुत्पादक खर्च**

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

| गो भौ नं।मिति | कार्यक्रमको नाम | खर्च |
|---|---|---|
| २२। २०८०।०४।२२ | धार्मिक सहायता | १००००० |
| १५४।२०८०।०६।२२ | स्वयंसेवक शिक्षक | १८०००० |
| १८३।२०८०।०६।२६ | लोकसेवा सामाग्री खरीद | ९८८१५ |
| २४२।२०८०।०७।०२ | बेबी सेट वितरण | ९९४५६ |
| २७४।२०८०।०७।०२ | ट्युववेल खरीद तथा वितरण | ९९४२७ |
| ४४२।२०८०।०९।१३ | गहुको बीउ खरीद तथा वितरण | ५००००० |
| ४९०।२०८०।०९।०९ | खेलकुद सामाग्री वितरण | ९७०४६४ |
| ५०८।२०८०।०९।११ | मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल | ३००००० |
| ५२३।२०८०।०९।१६ | CCTV तथा WIFI जडान | ९९६१०० |
| ५५८।२०८०।१०।०७ | उन्नत जातको गहुँको बीउ वितरण | ९०३२८६ |
| ६९५।२०८०।०९।०९ | अप्पन विराटगढ परोपकार समाज | १९१००० |
| ११०५।२०८१।०३।०४ | सिचाई मोटर वितरण | १३७०६४४ |

## १४ ज्यालादारी डोर हाजिर

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म.ले.प.फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा योजनाहरुमा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका सबै डोर हाजिरमा सहि छाप गरेको देखिदैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ

## १५ तलवी प्रतिवेदन

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाको शिक्षकको तलबभत्ता वाहेक अन्य कर्मचारीको तलवभत्ताको तलवी प्रतिवेदन पारीत हुन सकेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १६ आर्थिक सहायता

सार्वजनिक खर्चको मापदण्ड तथा मितब्ययिता सम्वन्धि निर्देशिका २०७९ को परिच्छेद ३ को दफा १५ को उपदफा ९ मा सार्वजनिक निकायवाट वितरण गरीने आर्थिक सहायताको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरेर राख्नुपर्ने स्पष्ट ब्यवस्था गरेको छ ।यसरी वितरण गरिने आर्थिक सहायताको पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु ३४०८६८२ आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण गरी वितरीत आर्थिक सहायताको अद्यावधिक विद्युतीय अभिलेख कायम गर्नपर्ने देखिन्छ ।

| सि नं | कार्यक्रमको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | धार्मीक सहायता | ९१४००० | अध्यक्षको तोक आदेश,कार्यपालिका बैठकवाट वितरण गरिने भएकोले एकीन विवरण संकलन गर्न जटिल |
| २ | अन्य सामाजिक सहायता | ११८८३४७ | |
| ३ | अन्य सहायता | १३०६३३५ | |

१७ **अनुगमन खर्च**

गाउँ तथा नगरसभाका सदस्यहरुको पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन२०७५ को दफा ३ अनुसार गाउँनगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यनगरपालिका सदस्यले यसै ऐनको अनुसूची -१(क) मा तोकेबमोजिमको दरमा मासिक रुपमा अन्य सुबिधाको अतिरिक्त अनुगमन भत्ता पाउने व्यवस्था छ ।पालिकाले विभिन्न मितिमा विद्यालयहरुको अनुगमन गरेको देखाई पदाधिकारीहरुले समेत अनुगमन भत्ता बुझेको देखिएकोले अनुगमन वापतको दोहोरो सुविधा वापतको रकम सम्वन्धित पदाधिकारीबाट असुली गरी राजश्व दाखिला गर्नुपर्ने रु

| पदाधिकारीको नाम | भुक्तानि भएको रकम रु |
|---|---|
| श्री जिवक्ष कुमार राय | ११०५० |
| श्री नितु कुमारी चौधरी | ११०५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,१०० |

१८ **अनुगमन तथा भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु १७८१०००।०० भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट अन्य पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।
-पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।
- पालिका भन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै असम्बन्धित ब्यक्तिहरुको समेत भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१९ **बढि भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवारी व्याक्तीले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यावस्था छ । पालिकाले देहाय अनुसारका कर्मचारी/पदाधिकारी/फर्म/कम्पनी लाई पेश भएको विल भर्पाई भन्दा बढि रकम भुक्तानी दिएको पाइएकोले भुक्तानी लिने कर्मचारी/पदाधिकारी/फर्म/कम्पनी बाट असुल गर्नुपर्ने रु

| क्र.स. | गो.भौ.नं./मिति | भुक्तानी लिनेको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३८२/२०८०-७-२४ | विनोद बहादुर गुरुङ्ग(वडा नं.4 वडा अध्यक्ष) | ८४००/- | १५०००/- | ६६००/- | मोटरसाइकल मर्मत बापत |
| २. | १३२६/२०८०-३-२४ | सुमित कुमार पण्डित | ५५००/- | ३३०००/- | २७५००/- | सवारी साधन भाडा वापतको रकम भुक्तानी हुँदा |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,१०० |

२० **भ्रमण भत्ता बढी भुक्तानी**

भ्रमण खर्च नियमावली २०६४ को नियम १० को उपनियम ३ (घ) बमोजिम सरुवा भ्रमण भत्ता लिदा एकमुष्ट फूटकर खर्च लिने व्यवस्था रहेकोमा बढी भुक्तानि भएको असुल उपर हुनुपर्ने रु

| गो भौ नं मिति | कर्मचारीको नाम | बढी भुक्तानि रु (फुटकर खर्च समेत) |
|---|---|---|
| ५७५।२०८०।१०।०८ | विप्लव घिमिरे | ६००० |
| २५९।२०८०।०७।०२ | दिपेन्द्र कुमार शर्मा | ३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००० |

२१ **मर्मत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८२ मा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले यस वर्ष पालिकाभित्रका २ वटा ४ पाङ्गे सवारी साधन तथा १५ वटा मोटरसाईकल रहेकोमा मर्मतमा रु २३१०००० खर्च गरेको देखिन्छ । केही उदाहरण

| सवारी साधन नं | गो भौ नं। मिति | मर्मत रु |
|---|---|---|
| बा ११ झ ८६६५ | २२१।२०८०।०६।२९ | १३७०४३ |
| बा ५ झ ३३१७ | ४८१।४८२।२०८०।०९।०८ | १९७०८९ |
| बा १ झ ८६६५ | ८८९।२०८०।१२।१७ | ६२११८५ |
| बा २ झ ३३१७ | १३१७।२०८१।०३।२४ | ९९१९८ |
| बा १ ज ८६६५ | २२१।२०८०।०६।२९ | १३७०४३ |

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट पालिका तथा वडामा समेत गरी ५४ लाख ५१ हजार खाना खाजा जस्ता विविध कार्यक्रम र मसलन्द तथा स्टेशनरी लगायतमा खर्च गरेको छ । वार्षिक खरीद योजना तयार गरी पालिकाभित्र एकयस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।केही व्यहोराः

| भौ नं ।मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| विभिन्न | विविध खर्च | प्रतिज्ञा होटल | ६२३३४४ |
| ३८।२०८०।०४।२८ | | होटल ईष्ट्रन स्टार प्रा लि | ११६००० |
| २४८।२०८०।०७।०२ | तीज कार्यक्रम | होटल ईष्ट्रन स्टार प्रा लि | ८६३४३ |
| ३८४।२०८०।०७।२४ | विविध खर्च | होटल मरिना प्रा लि | ५०००० |
| ५१६।२०८०।०९।११ | | होटल ईष्ट्रन स्टार प्रा लि | ६३१०९ |
| ११७४।२०८१।०३।१६ | सभा सञ्चालन खर्च | | १३१८२५ |

## २३ ईन्धन खर्च

कोशि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड तथा मित्बययिता सम्वन्धि निर्देशिका २०७९ का अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई प्रमुख सचिव १२५ लि माशिक ईन्धन , प्रदेश सचिबलाई १०० लि माशिक ईन्धन , महाशाखा प्रमुखहरुलाई मासिक ७५ लि ईन्धन तथा सवारी साधनको प्रकृति अनुसार मोबिल आवश्यक मात्रमा र मोटरसाईकल माशिक १० लिटर पेट्रोल ईन्धन तथा त्रैमासिकरुपमा १ लि मोबिल (अधिकृत स्तरको कर्मचारी भएका कार्यबोझका आधारमा ५ लि थप दिन सकिने ) सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । पालिकाले आ व २०८०।८१ मा पालिकाका ४ पाङ्ग्रे सवारीसाधनका २ र २ पाश्र्गे सवारी साधन १५ गरी १७ वटा सवारी साधनका लागि रु ४५६२००० खर्च गरेको देखिन्छ । प्रचलित कानुन, आफ्नोआन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा सम्वन्धमा मापदण्ड, कार्यविधि बनाउनु पर्नेमा, बनाएको छैन । कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।

## २४ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजता अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने छ । पालिकाले विभिन्न शिर्षकबाट कार्यालय सामाग्री खरिद गर्दा PAMS मा दाखिला नभएको ,वितरण भएको भरपाइ नभएको पाइएकोले दाखिला गरि सो को प्रमाण का साथै वितरण भएको भरपाइको प्रमाण पेश गर्नुपर्ने रु

| क्र.स. | गो.भौ.नं./मिति | खरिद गरिएको फम/कम्पनी | सामाग्रीको नाम | एकाइ | रकम |
|---|---|---|---|---|---|
| 1. | २८/२०८१-३-२३ | निरौला सप्लायर्स विराटनगरको वि.नं. २८७ मिति २०८१/३/१६ बाट | डवल वेड पलङ | थान -१ | ७५०००/- |
| | | | रिक्न्डेट ५*६.५ को मेट्रेस | थान-१ | ३४८००/- |
| | | | रिक्न्डेट ३*६.५ को मेट्रेस | थान-१ | ८५००/- |
| | | | सिरानी | थान-४ | २४००/- |
| | | | कपडा राख्ने ह्याङ्गर | थान-१ | १९००/- |
| | | | डोरमेट | थान-६ | ३६००/- |
| | | | डस्टविन | थान-२ | १०००/- |
| | | | बाल्टिन | थान-१ | ६५०/- |
| | | | मग | थान-१ | ७०/- |
| | | | प्लास्टिक वकेट | थान -१ | ५५०/- |
| | | | फ्रिज | थान-१ | ४२०००/- |
| | | | फेन्सी पर्दा | सेट-४ | ४४००/- |
| | | | | जम्मा भ्याट बाहेक | १७४८७०/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७४,८७० |

२५ **आवधिक योजना तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले ओम साई टेक्निकल ईन्टिच्युट प्रा लि मार्फत सिलबन्दी दरभाउ मार्फत आवधिक योजना तर्जुमा गरी सो कार्यका लागि रु ९४४८८५ खर्च गरेको देखिन्छ। सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार पालिकाले रु १ लाख भन्दा बढीको खरीदमा लागत अनुमान तयार गरी खरीद प्रक्रिया अगाडि बढाउनुपर्नेमा सो गरेको नदेखिएकोले अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ९,४४,८८५ |

२६ **नियमित कामको भत्ता** (590-२०८०-१०-१०):

सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ को दफा ३ मा कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकका लागि कार्यालय समयभन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउने तथा एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध नगराउने व्यवस्था छ। पालिकाले कार्य सम्पादन मुल्याङ्कन पुनरावलोकन समीतिको बैठक भत्ता उपलब्ध गराएको असुली गर्नुपर्ने रु

| सि नं | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | भुवन काफ्ले | ५७८० | ५९०।२०८०।१०।१० |
| २ | प्रदीप ढकाल | ४३३५ | |
| ३ | सदिक्षा खतिवडा | २८९० | |
| ४ | तुलसी ढकाल | १४४५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४५० |

२७ **पदाधिकारी यातायात तथा अनुगमन भत्ता**

गाउँ तथा नगरसभाका सदस्यहरुको पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ अनुसार गाउँनगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यनगरपालिका सदस्यले यसै ऐनको अनुसूची -१(क) मा तोकेबमोजिमको दरमा मासिक रुपमा यातायातको साधनको सुबिधाको अतिरिक्त अनुगमन भत्ता पाउने व्यवस्था छ । साथे पालिकाले यातायातको साधन उपलब्ध गराएको अवस्थामा अनुगमनमा यातायात सुविधा नपाउने ब्यवस्था उल्लेख गरेको छ । पालिकाका तपसिलका पदाधिकारीहरुले अनुगमन तथा यातायात बापत भुक्तानि लिएको तपसिल बमोजिमको रकम असुली गरी दाखिला गर्नुपर्ने रु

| गो भौ नं मिति | पदाधिकारीको नाम | यातायात | अनुगमन |
|---|---|---|---|
| ३४८।२०८०।०७।२२ | जिवक्ष कुमार राय | ५००० | |
| | नितु कुमारी राय | ५००० | |
| १०४३।२०८२।०२।१६ | जीवक्ष कुमार राय | | ११४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,५०० |

२८ **यातायात खर्च**

गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३, अनुसूची-१(ख) मा नगरपालिकाका वडा अध्यक्षले पाउने सुविधाबारे उल्लेख गरिएको छ । जस अनुसार यातायात खर्च बापत मासिक रु. ४५००।– पाउने उल्लेख छ । यसरी मासिक यातायात खर्चको रुपमा ४५००।– का दरले सुविधा लिइरहेको अवस्थामा पालिकाले ईन्धन र मर्मतमा वडागत खर्च विनियोजन गरेको देखिन्छ ।पालिकाको सहायक जिन्सी खातामा वडा कार्यालय जनाई वडामा २ पाङ्गे सवारी साधन बुझेकोले वडाध्यक्ष समेतले सवारी साधन र इन्धन तथा यातायात भत्ता समेत दोहोरो सुविधा लिने सम्भावना रहन्छ ।यस सम्बन्धमा पालिकाबाट छानबिन गरी दोहोरो सुविधा लिएको देखिएमा मासिक रुपमा रु. ४५००।- का दरले बुझि लिएको सुविधा असुल गराउनुपर्दछ ।

२९ **अनुपस्थित बैठकभत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजता अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने छ ।विभिन्न समयमा भएका विभिन्न समितिका बैठकमा अनुपस्थित भएका देहायका पदाधिकारी तथा कर्मचारीहरुलाइ बैठक भत्ता वातप भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ.नं./मिति | नाम थर | पद | बुझिलिएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1. | ९२९/२०८१-१-१२ | लालचन्द कुमार राय | न्यायिक समिति सदस्य | १७००/- | न्यायिक समितिको मिति २०८१/१/६ र ७ को बैठकमा अनुपस्थित |
| 2. | ११२०/२०८१-३-७ | लालचन्द कुमार राय | न्यायिक समिति सदस्य | १७००/- | न्यायिक समितिको मिति २०८१/२/१८ र २० गतेको बैठकमा अनुपस्थित |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४०० |

**३० ठेक्का नं.०९।२०८०।८१ बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे**

बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे ठेक्का नं.०९।२०८०।८१ को निर्माण कार्य मिति २०८१ असार मसान्त मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री साहेवगञ्ज कन्सट्रक्शन प्रा.लि. सँग सम्झौता भई रु.१५३१५६२० मा सम्पन्न गर्नुपर्ने कार्यदिश २०८०।११।१८ गते दिएकोमा तेस्रो विल सम्म रु.८६८५६१४ भुक्तानी भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३०.१ संघीय समपुरक अनुदानको अनुपातः समुपरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६(१) अनुसार नेपाल सरकारले समितिले छनोट गरेको आयोजना/कार्यक्रम कार्यान्वियनको लागि त्यस्तो आयोजना/कार्यक्रमको कुल लागत, आयोजना/ कार्यक्रमको प्रकृति, आयोजना/कार्यक्रम कार्यान्वियन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, आयोजना/कार्यक्रम कार्यान्वियनबाट हुनक्ने उपलब्धि, आयोजना/कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीयह तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत सम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का नं.०९।२०८००।८१ कानेपोखरी वडा नं.४, ६ र ७ को सडक स्तरोन्नती कार्य वापत निर्माण व्यवसायी श्री साहेवगञ्ज कन्सट्रक्शन प्रा.लि.लाई हाल सम्मको मुल्याङ्कन अनुसार रु.८६८५६१४ भुक्तानी गर्दा समुपरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६(१) को प्रावधान विपरित रु.३३४२८०७ संघीय सरकारको बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| ठेक्का नं. | योजनाको नाम | संघीय सरकारको खर्च | गा.पा. बाट भएको खर्च | कुल भुक्तानी | गा.पा को हुनुपर्ने खर्च रकम | घटी खर्च रकम |
|---|---|---|---|---|---|---|
| ०९। २०८०। ८१ | बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे | ७२८५६१४ | १०००००० | ८६८५६१४ | ४३४२८०७ | ३३४२८०७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,४२,८०७ |

३०.२ प्रोभिजलन समः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात तथा बिल भर्पाइ पेस गर्नुपर्ने उल्लेख छ । पालिकाले भुक्तानी गरेको प्रोभिजनल सम को विमा लगायत विभिन्न आईटम वापतको रकम निर्माण ठेक्कामा निर्माण व्यवसायिलाई रनिङ बिल तथा अन्तिम बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट बिल बीजकबेगर भुक्तानी दिएकोले बिल विजक तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा रकम असुल गर्नुपरर्ने रु.

| निर्माण व्यवसायी | कार्य विवरण | पि.एस.आईटम को कार्य | प्रोभिजनल सम रकम |
|---|---|---|---|
| साहेवगञ्ज कन्सट्रक्शन प्रा.लि. | बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे | Provide and maintain traffic safety Occupation health and safety as per special provision control measure and temporary diversion during construction as instructed by the engineer. | ३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

३०.३ बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पुर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरियन आदेश जारी गर्नुपर्ने भएमा भेरियशन परिमाणको प्राविधिक पुष्ट्याई र कागजात खुलाई सार्वजनिक निकाय प्रमुखले प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाले बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे कार्य गराउँदा लागत अनुमानमा नयाँ कार्य कल्भर्टको कार्य थप गरी लागत अनुमान स्वीकृत गरेकोमा १०० प्रतिशत परिमाण थप हुँदा Price Negotiation गरी सम्झौता गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा डि.पि.आर मा Culvert को काम उल्लेख नगरी लागत अनुमान तयार गरेको र सो अनुसारको लगतमा नै ठेक्का लगाएकोले उक्त काममा भेरियशन गर्नुपरेको भनाई कार्यालयलको रहेको छ । स्थलगत रुपमा योजनाको डि.पि.आर नगरी हचुवाको भरमा डि.पि.आर तयार गर्दा निर्माण कार्यको लागत र समय बढी लाग्न जान्छ । स्थलगत निरीक्षण गर्दा पुरानो कल्भर्टको भाग नघटाई Construction of Subgrade, Construction of Embankment with material, Providing and laying granular sub base and Providing and laying crusher run macadam base course को रकम भुक्तानी गरेको छ । माथि उल्लेखित आइटमहरुमा कल्भर्टको भाग नघटाई बढी भुक्तानी भएको रकम अर्को विलमा समायोजन गर्नुपर्दछ ।

३०.४ सर्वे डिजाइन रिपोर्टः कार्यालय र निर्माण व्यवसायीवीच भएको सम्झौताको शर्त नं.१५ अनुसार दोस्रो पक्षले सम्झौता भएको ७ दिन भित्र निर्माण कार्यको Work Schedule तथा बाटोको Survey Design Report तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले स्थलगत निरीक्षण गरी सम्झौता भएको ७ दिन भित्र Survey Design Report तयार गरी पेश गरेको पाइएन । अत सम्झौताको शर्त अनुसार भएको व्यवस्थाको पालन गरी स्थलगत निरीक्षण गरी योजनाको बास्तुनिष्ठ Survey Design Report पेश गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

**३१ ठेक्का नं.०४।२०८०।८१ गेलावारी ट्रस स्टील पुल पार्ट खरिद**

गेलावारी ट्रस स्टील पुल पार्ट खरिद ठेक्का नं.०४।२०८०।८१ को खरिद कार्य मिति २०८१।०३।२० मा सम्पन्न गर्ने गरी आपूर्तिकर्ता श्री लुम्बिनी ईन्जिनियरिङ्ग प्रा.लि. सँग सम्झौता भई रु.१५३९७०४ मा सम्पन्न गर्नुपर्ने कार्यादेश २०८१।०३।०३ गते दिएकोमा विल भुक्तानी रु.१२६०००० भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३१.१ जिन्सी दाखिला तथा हस्तान्तरणः प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को दफा ९५ को उपदफा १ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारशाट प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्तपि तथा जिन्सी कितावमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्गा छ । पालिकाले ठेक्का नं.०४।२०८०।८१ गेलावारी ट्रुस स्टील पुल पार्ट खरिद वापत आपूर्तिकर्ता श्री लुम्बिनी ईन्जिनियरिङ्ग वर्क प्रा.लि. लाई मालसामान सप्लाई गरे वापत रु.१२६०००० भुक्तानी गरेको छ । यसरि खरिद गरेको सामान कार्यालयको जिन्सी खातामा दाखिला तथा हस्तान्तरण नगरी सोझै उपभोक्तालाई जिम्मा लगाएको छ । तसर्थ नियमावलीको व्यवस्था अनुसार उक्त पाट्र्स जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

३१.२ प्रयोग विहिनः गेलावारी कामत टोल डुडे खोलामा ट्रस पुल निर्माणको लागि ठेक्का नं.०४।२०८०।८१ गेलावारी ट्रु स्टील पुल पार्ट खरिदको स्थाल निरीक्षण गर्दा खरिद गरिएको स्टील ट्रस पुलको सामानहरु खुला ठाएँमा जम्मा गरेर राखेको पाइयो । लेखापरीक्षणको क्रम सम्म पनि उक्त सामानहरु जडान भएको देखिएन । डुडे खोलाको दुई किनारामा पुलको लागि पाइल उठाएर राखेको देखिन्छ । योजना समयमा नै सम्पन्न नहुँदा उपभोक्ता लाभाम्वित हुन नसकिने र खरिद गरिएको सामानहरु विग्रने हराउने हुनाले यसको समयमा नै योजना सम्पन्न गरी उपभोक्तालाई लाभाम्वित बनाउनुपर्दछ । योजना सम्पन्न गरी स्टील पार्टस जडान भएको प्राविधिक नाँपजाँच र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १२,६०,००० |
|---|---|

३२ **तराई मधेश कार्यक्रम**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ परिच्छेद-२ कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था सम्बन्धी दफा (५) मा लागत साझेदारी सम्बन्धी बुदामा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट अधिकतम सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख गरेको छ । स्थानीय तह र संघीय सरकारको ३० र ७० प्रतिशत क्रमश लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना सञ्चालन गर्दा कुल लागत अंकको ७० प्रतिशत घटाउँदा बचत हुने रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नु पर्दछ । पालिकाले मदर्सा न्याउदिल इस्लाम अधुरो छात्रावास निर्माण कार्यमा कार्यविधिमा भएको व्यवस्था बमोजिम लागत सहमागिता नमिलाई संघीय सरकारको खर्च बढी गरेको देखिन्छ । संघीय सरकारको खर्च बढी गरी गाउँपालिकाको खर्च कम भएकोमा गाउँपालिकाको अपुग रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| उपभोक्ता समितिको नाम | योजनाको नाम | सघीय सरकारको खर्च | गाउँपालिकाको खर्च | जम्मा भुक्तानी | गाउँपालिकाको हुनुपर्ने योगदन रकम | अपुग रकम |
|---|---|---|---|---|---|---|
| मदर्सा न्याउदिल इस्लाम अधुरो छात्रावास निर्माण कार्य उ.स. | मदर्सा न्याउदिल इस्लाम अधुरो छात्रावास निर्माण कार्य | २५००००० | ५७०००० | ३०७०००० | ९२१००० | ३५१००० |

| प्रमाण पेश नगरेको | ३,५१,००० |
|---|---|

३३ **ट्याक कोट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरका दरले औसतमा ०.५ सम्म खपत हुने उल्लेख छ । पालिकाले विभिन्न योजनाहरुमा उक्त आइटमको नर्म्स अनुसार दैनिक २ पटक Tray Test गरेको रिफर्ट वेगर प्रति वर्ग मिटर ०.२३ बढी दरले भुक्तानी गरेको देखियो । यसरी नर्म्स भन्दा बढी परिमाण राखी सोही बमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | क्षेत्रफला(ब.मि.) | बढी दर मु.अ.कर समेत | बढी भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| ०३।२०७९।८० | Construction of blacktopped at Barju 1, 5 and 6 | आर.के./उत्तरा जे.भि | ९८७०.७३ | २३.४३ | २३१२७१.२० |
| ०१।२०७८।७९ | Construction of blacktopped at Barju 4, 4 and 6 | आर.के. निर्माण सेवा | १७६०६.९१ | २२.८५ | ४०२३१७.८९ |
| ०४।२०७९।८० | Construction of blacktopped at Barju 2 and 4 | आर.के. निर्माण सेवा | ८४३७.५५ | ४० | ३३७५०२ |
| जम्मा | | | | | ९७१०९१.०९ |

| असुल गर्नुपर्ने | ९,७१,०९१.०९ |
|---|---|

३४ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको

जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | हाल सम्म भुक्तानी | म्याद थप अवधी | सुरु अवधीको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०९। २०८०। ८१ | बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे | २०८०। ११।१८ | १५३१५६२० | २०८१। ०३।३१ | ८६८५६१४ | ६ महिना | १७६ प्रतिशत |
| १०। २०८०। ८१ | वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे | २०८०। १२।०४ | ७१३९५३५ | २०८१। ०३।१५ | २८५६१४६ | ६ महिना | १५५ प्रतित |
| १२। २०७९। ८० | थारु सङ्ग्रालय निर्माण | | ९०६८०२१ | २०८१। ०३।१५ | ५२०६१७२ | ६ महिना | |
| ०१। २०७८। ७९ | सडक कालोपत्रे कार्य बर्जु वडा नं. २, ४ र ६ | २०७८। ०८।१६ | ३७४२५२८४ | २०७९। ०१।३० | २८४०४६११ | २ बर्ष ८ महिना | ७११ प्रतिशत |
| ०४। २०७९। ८० | सडक कालोपत्रे कार्य बर्जु वडा नं. २ र ४ | २०७९। ०८।६ | २६८२७९७६ | २०८०। ०२।३० | २४९२२६५३ | ७ महिना | ११७ प्रतिशत |
| ०७। २०८०। ८१ | वर्जु वडा नं. ३ सडक कालोपत्रे | २०८०। ०८।२८ | ८३१४३०९ | २०८१। ०२।३० | ३६७६२९६ | ७ महिना | ११७ प्रतिशत |
| ०५। २०७९। ८० | ने.रा.शिव स्कुल बाउण्ड्री वाल र मन्दिर निर्माण | २०७९। ०९।२२ | ७३६३१७३ | २०८०। ०३।२० | ४७९९७८७ | १८ महिना | ३०० प्रतिशत |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधि भन्दा बढी म्याद थप भएका ७ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

३५ **थारु सग्राहलय भवन निर्माण**

थारु सग्राहलय भवन निर्माण ठेक्का नं.१२।२०७९।८० को निर्माण कार्य मिति २०८१।०३।१५ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री आर.एस. कन्सट्रक्शनसँग सम्झौता भई रु.९०६८०२१ मा सम्पन्न गर्नुपर्ने कार्यदिश २०७९।१२।१७ गते दिएकोमा म्याद थाप २०८१ पौस मसान्त सम्म भई हाल सम्म विल भुक्तानी रु.५०८४१७८ भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३५.१ थप निर्माण कार्य: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । कार्यालयले थारु सङ्ग्राहलय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी आर.एस. कन्सट्रक्शनसँग रु.९०६८०२१.१३ (मुल्य अभिबृद्धि कर समेत) मा सम्झौता गरी यो बर्ष रु.५०८४१७८ (मुल्य अधिवृद्धि कर समेत) भुक्तानी भै थप निर्माण कार्य गर्न बाँकी रहेको देखिन्छ । पालिकाले ठेक्का सम्झौता भएको सोही भवनमा वि.ओ.क्यु मा समावेश भएको Earth Filling कार्य को भेरिशयन नगरी निर्माण व्यवसायी संसारी कार्किटेक्टस् एण्ड विल्डर्स प्रा.लि. सँग सोझै गराई रु.९७१८८६ भुक्तानी भएको देखिन्छ । यसरी एउटै निर्माण कार्यमा वि.ओ.क्यु. बमोजिमको थप निर्माण कार्य भएको नियमावलीमा भएको व्यवस्था बमोजिम भरियशन आदेश जारी गरी निर्माण कार्य गर्नुपर्नेमा सो नगरी सोझै खरिद गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,७१,८८६ |

३५.२ बढी दर कायमः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (६) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एक तहमाथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन ड्रइङ जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्चाउन लगाउनुपर्ने उल्लेख छ । कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना नगरी Plinth Level को उचाई बढेको कारण देखाई Earth Filling को काम कोटेशनबाट अर्को निर्माण व्यवसायी संसारी कार्किटेक्टस् एण्ड विल्डर्स प्रा.लि. लाई १२०२ घनमिटर प्रति घनमिटर रु.७१५ का दरले भ्याट सहित रु.९७१८८६ भुक्तानी गरेको छ । थारु सङ्ग्राहलय निर्माण ठेक्का नं१२।२०७९।८० को वि.ओ.क्यु मा Earth Filling कार्यको प्रति घनमिटर दर रु.५०० रहेकोमा सोही कामको लागि कोटेश्नबाट कार्य गराउँदा प्रति घनमिटर रु.२१५ फरक पर्न गएको छ । यसरी वि.ओ.क्यु मा भएको आइटमको कार्य बढेको अवस्थामा सार्वजनिक खरिद नियमावली अनुसरा भेरियशन गर्नुपर्ने सो नगरी १२०२ घनमिटर को प्रति घनमिटर रु.२१५ का दरले भ्याट सहित रु.२९२०२६ व्ययभार पर्ने गरी कार्य गराएको छ । यसरी थप व्ययभार पर्ने गरी निर्माण कार्य गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ३६ प्रिमिक्स कार्पेट/आसफाल्ट बढी खपत

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) र NORMS FOR RATE ANALYSIS OF ROAD AND BRIDGE WORKS 2075 को Norms No. 13.9 अनुसार प्रिमिक्स कार्पेटिङ्गको मोटाई २० मि.मी. र आस्फाल्ट कन्क्रिटको मोटाई ४० मि.मी. हुनुपर्ने उल्लेख छ । पालिकाले सोभन्दा बढी मोटाई राखी Asphalt Concrete र PREMIX Carpeting गरेको पाईयो । यसरी स्वीकृत नर्म्सभन्दा बढी खपत देखाएको परिमाण नियम सम्मत नदेखिएको । रु..

| ठेक्का नं. | निर्माण व्यवसायी | निर्माण कार्य | भुक्तानी परिमाण | स्पेसिफिकेसन अनुसारको परिमाण | फरक परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ०३।२०७९।८० | आर.के.उत्तरा जे.भी. | सडक कालोपत्रे बर्जु वडा नं. १, ५ र ६ | ११५ | ९२ | २४ | २१५०० | ५०५६८० |
| ०१।२०७८।७९ | आर. के. निर्माण सेवा | सडक कालोपत्रे बर्जु वडा नं. २, ४ र ६ | १७९ | १५२ | २८ | १६००० | ४४१२८० |
| जम्मा | | | | | | | ९४६९६० |

| | |
|---|---|
| अनियमित भएको | ९,४६,९६० |

## ३७ ठेक्का नं.१०।२०८०।८१ वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे

वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे निर्माण ठेक्का नं.१०।२०८०।८१ को निर्माण कार्य मिति २०८१।०३।१५ मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री कार्तिकेय निर्माण सेवा सँग सम्झौता भई रु.७१३९५३५ मा सम्पन्न गर्नुपर्ने कार्यदिश २०८०।१२।०४ गते दिएकोमा तेस्रो विल भुक्तानी रु.२८५६१४६ भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३७.१ प्रदेश समपुरक अनुदानको अनुपातः कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी र बाँकी स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे निर्माण कार्यको रकम भुक्तानी गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को प्रावधान विपरित प्रदेश सरकारको लागत साझेदारी ६५ प्रतिशत भन्दा बढी भएकोले प्रदेश सरकारबाट बढी भुक्तानी भएको रकम प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु.

| ठेक्का नं. | योजनाको विवरण | निर्माण व्यवसायी | प्रदेश सरकारको खर्च | गाउँपालिकाको खर्च | जम्मा भुक्तानी | गाउँपालकाको हुनुपर्ने योगदन रकम | अपुग रकम |
|---|---|---|---|---|---|---|---|
| १०।२०८०।८१ | वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे | कार्तिकेय निर्माण सेवा | २८५६१४६ | ० | २८५६१४६ | ९९९६५१ | ९९९६५१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९९,६५१ |

३७.२ वीमा : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उक्त ठेक्काको वि.ओ.क्युमा पालिकाले वीमाको लागी पि.एस. मा रु.६०००० को ब्यवस्था गरेको भएतापनि बीमा गराएको देखिएन । अत कानुनको पालना गरी जोखिम न्युनीकरण गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रकम | वि ओ क्युमा रकम | कैफीइत |
|---|---|---|---|---|---|
| १०।२०८०।८१ | कार्तिकेय निर्माण सेवा | वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे | ७१३९५३५ | ६०००० | विमा नगरेको |

३७.३ सर्वे डिजाइन रिपोर्टः कार्यालय र निर्माण व्यवसायीवीच भएको सम्झौताको शर्त न्.१५ अनुसार दोस्रो पक्षले सम्झौता भएको ७ दिन भित्र निर्माण कार्यको Work Schedule तथा बाटोको Survey Design Report तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले स्थलगत निरीक्षण गरी सम्झौता भएको ७ दिन भित्र Survey Design Report तयार गरी पेश गरेको पाइएन । अत सम्झौताको शर्त अनुसार भएको व्यवस्थाको पालन गरी स्थलगत निरीक्षण गरी योजनाको बास्तुनिष्ठ Survey Design Report पेश गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

## ३८ वीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उल्लेखित ठेक्काको वि.ओ.क्युमा पालिकाले वीमाको लागी पि.एस. मा रकमको ब्यवस्था गरेको भएतापनि बीमा गराएको देखिएन । अत कानुनको पालना गरी जोखिम न्युनीकरण गर्नुपर्दछ ।

| ठेक्का नं. | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रकम | वि ओ क्युमा रकम | कैफीइत |
|---|---|---|---|---|---|
| ०७।२०८०।८१ | जय बाबा विश्वकर्मा निर्माण सेवा | वडा नं. ४ गुजेलाल टोल दक्षिण वडा नं. ३ जोड्ने सडक कालोपत्रे | ८३१४३०९.८७ | ७०००० | तेस्रो विल स्मम वीमा नगरेको |
| ०५।२०८०।८१ | जय बाबा विश्वकर्मा निर्माण सेवा | वडा नं. ५ गडी सिमाना देखि पे६रोल पम्प सम्म जानेबाटो कालोपत्रे | ८२७९१३७>७० | ७०००० | तेस्रो विल स्मम वीमा नगरेको |

३९ **ठेक्का नं.१०।२०७८।७९ वडा नं. ६ सडक कालोपत्रे कार्य**

वडा नं. ६ सडक कालोपत्रे कार्य ठेक्का नं.१०।२०७८।७९ को निर्माण कार्य म्याद थप सहित मिति २०८० पौस मसान्त मा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री उत्तरा कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. सँग सम्झौता भई रु.६८८७३२० मा सम्पन्न गर्नुपर्ने कार्यादेश २०७८।१२।२४ गते दिएकोमा अन्तिम विल भुक्तानी रु.६०३२९५१ भएकोमा देखिएका व्यहोराह यस प्रकार रहेका छन् ।

३९.१ ट्याक कोट - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरका दरले औसतमा ०.५ सम्म खपत हुने उल्लेख छ । पालिकाले वडा नं. ६ सडक कालोपत्रे कार्य उक्त आइटमको नर्म्स अनुसार दैनिक २ पटक Tray Test गरेको रिफर्ट वेगर प्रति वर्ग मिटर ०.२३ बढी दरले भुक्तानी गरेको देखियो । यसरी नर्म्स भन्दा बढी परिमाण राखी सोही बमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | क्षेत्रफला(ब.मि.) | बढी दर मु.अ.कर समेत | बढी भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|
| १०।२०७८।७९ | वडा नं. ६ सडक कालोपत्रे कार्य | उत्तरा कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. | २७९४.०१ | ३१.५ | ९९४५३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,४५३ |

३९.२ बिओक्यु भन्दा वढि परिमाणको भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच भएको वास्तविक परिमाणको मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले वडा नं. ६ सडक कालोपत्रे कार्यको लागि निर्माण व्यवसायी उत्तरा कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. लाई निर्माण कार्यको अन्तिम रनिङ्ग विल रु.३००४४३७ समेत रु ४०४६१६६ को कार्य स्विकार प्रतिवेदन तयार गरेको देखिन्छ ।उक्त निर्माण कार्यको प्राविधिक मुल्याङ्कनमा सम्झौताको शर्तभन्दा बढी हुने गरी भुक्तानी दिन नपाउनेमा अन्तिम रनिङग बिल सम्मको भुक्तानी गर्दा निम्न आइटमहरुमा बिओक्यूमा उल्लिखित परिमाण भन्दा बढी भुक्तानी भएको देखिन्छ। यसरी वढि परिमाणको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ११८ वमोजिम प्राविधिक पुस्ट्याँई समेतको भेरिएसन आदेश समेत जारी गरेको नदेखिएकोले भेरिएसन आदेश वेगर सम्झौता वमोजिमको विओक्यु भन्दा वढि परिमाणको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| Description of Work | BOQ | Payment Quantity | Different Quantity | Rate | Total |
|---|---|---|---|---|---|
| Construction of raod with filling of transported earth providing laying spreading and compacting embankment | 1956 | 2014.6 | 58.6 | 400 | 23440 |
| Providing and laying of sub base | 442 | 585.87 | 143.87 | 1500 | 215805 |
| Total | | | | | 239245 |
| Total with VAT | | | | | 270347 |

| | |
|---|---|
| अनियमित भएको | २,७०,३४७ |

४० **आर.सि.सि. सडक निर्माण वडा नं. २**

४०.१ कार्य प्रगतिः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली,२०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८१ असोज मसान्त सम्ममा सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायीलाई यो बर्ष पेश्की रु>११३९३६० भुक्तानी गरेको देखिन्छ । निर्माण कार्यको प्रगतिको विश्लेषण गर्दा यो वर्षको अन्त्य सम्म कुनै पनि प्रगति भएको देखिदैन। लेखापरीक्षण भैरहेकोमा उक्त अवधिमा निर्माण समेत निर्माण कार्य पुरा भएको देखिदैन। निर्माण कार्यको अवधि १० महिना रहेकोमा १०० प्रतिशत समय विति सक्दा पानि निर्माण कार्यको प्रगति सन्तोषजनक देखिएन । असिस्ट्न्ट सव-इन्जिनियरकको स्थालगत निरीक्षण अनुसार देखिएका व्यहोराहरुः

• निर्माण व्यसायी साईटमा उपस्थित नभएको

• अप्राविधिक जनशक्ति मार्फत कार्य गराएको

• निर्माण कार्यमा धेरै त्रुटी देखिएको

• निर्माण स्थलमा पटक पटक भन्दा बढी मानोमानी रुपमा कार्य गरेको

• निर्माण व्यवसायी आफैले निरीक्षण गरी साइटामा देखिएको कमी कमजोरीमा सुधार गर्नुपर्ने देखिएको

• ईस्टीमेट अनुसार कार्य गर्न सम्बन्धीत प्राविधिकको सुझाव अनुसार कार्य गर्नुपर्ने देखिएको

• २०८१।०४।२८ मा साइट इन्चार्जलाई समेत जानकारी नदिई दक्ष जनशकते विना साइटमा आर.सि.सि. ढलान निर्माण कार्य संचालन गरेको जानकारी प्राभ भए अनुसार तपाई तुरुन्त काम रवकी गा.पf को प्राविधिक तथा साइट इन्चार्जको निगरानी निर्देशन अनुसार दक्ष जानशक्ति वाट मात्र काम संचालन गर्नुपर्ने अन्यथा कार्यालयल भुक्तानी दिन बाध्य नहुने व्यहोरा सहितको पत्र पठाएको

तसर्थः सम्झौता तथा प्रचलित खरिद कानुन वमोजिम समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायिलाई जिम्मेवार वनाई निर्माण कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४०.२ पेश्की जोखिमः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीले आर.सि.सि.ढलान कार्यको लागि पेशकी जमानत राखी रु.११३९३६० भुक्तानी लगेकोमा पेश्की जमानतको मान्य अवधी २०२४ डिसेम्बर ११ रहेको छ । लेखापरीक्षणको अवधी सम्म पेश्की जमानतको म्याद समाप्त भएको र कार्य सम्पन्न नभएकोले जोखिममा रहेको पेश्की रकम सार्जनिक खरिद ऐन तथा नियमावली बमोजिम जरिवान समेत असुल गर्नुपर्दछ ।

४१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई ठेक्का सम्झौता गरी कार्य गरेकोमा कार्यसम्पन्न गर्नुपर्नु समय भन्दा ढिला गरी कार्यसम्पन्न गरेको देखियो । खरिद सम्झौताको शर्त अनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको छैन । पालिकाले मिति २०८०।१०।०७ मा श्री लक्ष्मी सनराइज वैक लि लाई कार्य सम्पादन जमानत को म्याद थप सम्बन्धमा कार्य सम्पादन जमानतको म्याद २०८१।११।३० सम्म कार्य हुने गरी म्याद थपको लागि पेत्र पठाएकोमा प्राविधिकले तयार पारेको कार्य सम्पन्न प्रतिवेदनमा निर्माण कार्य २०८०।०९।२९ मा भएको र नापी २०८०।११।०८ मा भएको भनी कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख गरेको छ । कार्य सम्पादन जमानको मान्य अवधी १४ मार्च २०२५ अर्थात २०८१।१२।०१ रहेको छ । जुन कार्य सम्पन्न प्रतिवेदन र कार्य सम्पन्न जमानतको अवधी मेल भएको देखिएन । कार्य सम्पन्न भएको ३७ दिन पछी मात्र नापी गरेको स्वभाविक देखिएन । तसर्थ सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न हुनसाथ नापी हुनुपर्दछ ।

४२ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता

योजना लागत अनुमान भन्दा ५.६२ देखि ३६.७४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजनाको नाम | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बर्जु गा.पा. ४ बुढी खोला देखि पूर्व थारुहट चोक जाने बाटो कालोपत्रे | ०९। २०८०। ८१ | साहेवगञ्ज कन्सट्रक्शन प्रा.लि | १९४११८३३ | १५३१५६२० | २१.१० |
| २ | गेलावारी ट्रस स्टील पुल पार्ट खरिद | ०४। २०८०। ८१ | लुम्बिनी ईन्जिनियरिङ्ग प्रा.लि | १६३१३८३ | १५३९७०४ | ५.६२ |
| ३ | वडा नं.३ फारम चोक देखि सुकुम्बासी हुदै दमरी चोक सम्म सडक कालोपत्रे | १०। २०८०। ८१ | कार्तिकेय निर्माण सेवा | ११२०९७४५ | ७१३९५३५ | ३६.२७ |
| ४ | आर.सि.सि. ढलान कार्य वडा नं. २ | ०२। २०८०। ८१ | पि.जि. वल्डर्स एण्ड सप्लायर्स | १०३०७४६४ | ६५२०३८९ | ३६.७४ |
| ४ | वडा नं. ५ देखि सितागञ्ज चमेल उत्तर जोड्ने मुस्लिम टोल उत्तर दक्षिण रोड कालोपत्रे | ०४। २०८०। ८१ | मा सखदा भगवती कन्सट्रक्शन कम्पनी प्रा.लि. | ९८०६३१० | ८४३७६९६ | १३.८५ |
| ५ | बर्जु वडा नं. ४ मनसुरीया चोक देखि वडा कार्यालय हर्भानी सेक्सन हुदै थारुहट चोक सम्म सडक कालोपत्रे | ०८। २०८०। ८१ | आर.एस. कन्सट्रक्शन | १६४४०८०१ | १२८२५८२४ | २२.११ |
| ६ | वर्जु वडा नं. ३ सडक कालोपत्रे | ०७। २०८०। ८१ | जय बाबा विश्वकर्मा निर्माण सेवा | १०२३८९२६ | ८३१४३०९ | १७.४१ |
| ७ | वर्जु वडा नं. ६ सडक कालोपत्रे | ०५। २०८०। ८१ | जय बाबा विश्वकर्मा निर्माण सेवा | १०६२४०६१ | ८२७९१३७ | १९>ढ० |
| ८ | वडा नं. ६ चिमडी बजारको काली मन्दिर पूर्व साझा हुँदै भेटनरी सम्म जाने बाटोलाई कालोपत्रे निर्माण काम | २०८औ। ११।१८ | दिनेश निर्माण सेवा | ११०७०९६० | १००३३१५८ | ९.२८ |

४३ **फरक योजनालाई भुक्तानी**

बर्जु गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा ३ को उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा गाउँसभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । साथै यस गाउँपालिकाको बजेट तथा कार्यक्रममा स्वीकृत योजना र सो योजनामा विनियोजन भएको रकम सोही योजनामा खर्च नभई अर्को योजनामा खर्च हुनु गाउँपालिकाको बजेट तथा कार्यक्रम र विनियोजन ऐन, २०८० को विपरित देखिएको छ । यसरी गाउँपालिकाको बजेट तथा कार्यक्रम २०८०।८१ र विनियोजन ऐन, २०८० को व्यवस्था बमोजिम योजना फरक पारी खर्च गर्नु अनियमित देखिएको रु.

| गो भौ नं | बजेट बिनियोजन भएको योजना | कार्य भएको योजना | रकम |
|---|---|---|---|
| १५१।१२।२५ | फार्मचौक देखि दमडी चौक सम्मको बाटोका लागि समपुरक कोष | ने.रा.मा.वि. ४ कोठो भवन निर्माण | १५३३४२४ |

| | |
|---|---|
| अनियमित भएको | १५,३३,४२४ |

४४ **पूँजीगतबाट चालु प्रकृतिको कार्यः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले नमुना छनौटका आधारमा परीक्षण गर्दा देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट रु.१८०००९ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| गो भौ नं | भुक्तानी पाउनेको नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| ३१।०४। २८ | स्वास्थ्य पोषण शिक्षा तथा कृषि अनुसन्धान विकास नेपाल | सामुदायिक सहभागितामा WASH स्वास्थ्य तथा पोषण सर्वेक्षण कार्यक्रम | १८०००९ |

४५ **प्राविधिक विल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको ह्यूम पाइप खरिद गरेको देखिएकोमा सोको उपयोग तथा जडान भएको नापी किताव पेश भएन र उक्त ह्युम पाइप मौज्दातमा रहेको देखिएन । उक्त सामग्रीको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| गो भौ नं | भुक्तानी भएको योजना | कार्य भएको योजना | रकम |
|---|---|---|---|
| ०७।०४।१५ | के सि एन विल्डर्स एण्ड सप्लायर्स प्रा लि | ह्युमपाइप खरिद | २४४१०८ |
| ५४।०६।३० | बराह कंक्रिट्स उद्योग | ह्युम पाइप खरिद | ३७९५९१ |
| ११६।११।०९ | शंकर सिमेन्ट कंक्रिट उद्योग प्रा लि | ह्युम पाइप खरिद | ८७१२० |
| २२४।०३।१६ | बराह कंक्रिट्स उद्योग | ह्युम पाइप खरिद | ९९९०० |
| २२५।०३।१८ | शङ्कर सिमेन्ट कंकृट उध्योग प्रा लि | ह्युम पाइप खरिद | ९७२८१७ |
| जम्मा | | | १७८३५३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८३,५३६ |

४६ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा

बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| योजनाको नाम | भुक्तानी पाउनेको नाम | लागत अनुमान | सम्झौता रकम | कार्य सम्पन्न रकम |
|---|---|---|---|---|
| व्यायामशाला निर्माण | आरसनव इन्टरप्राइजेज | १२७२७२.१२ | ११३७५४.२० | ११३७५४.२० |

४७ **सार्वजनिक निर्माण व्यवस्थापन**

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-

४७.१ निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन ।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४७.२ एज विल्ट ड्रईङ्: सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत एज विल्ट ड्रइङ्ग पेश भएको पाईएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४७.३ गुणस्तर परिक्षणः सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वियन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केही ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

४७.४ कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । सो उपर ध्यान दिनुपर्दछ ।

४७.५ त्रुटी सच्याउने दायित्व अवधीको अभिलेखः सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण

सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधीमा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा त्रुटी सच्याउने दायित्व अवधी समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४८ **डि.पि.आर तथा परामार्शः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र नेपाल सरकारका सचिव तथा विभागीय प्रमुखहरुबीच मिति २०७९।०४।२४,२५ र २९ गते भएको अन्तरक्रिया कार्यक्रम पश्चात आयोगको च.नं १७०७३ मिति २०७९।६।३० को पत्रद्धारा विभिन्न मन्त्रालय,विभाग र निकायलाई विभिन्न ३१ बुंदे सुझावको कार्यान्वियनकालागि निर्देशन गरेको छ ।जस मध्ये सुझावको बुंदा नं १० मा विभिन्न अध्ययन तथा डिजाइनको नाममा परामर्शदाता मार्फत हुने खर्चको औचित्य पुष्टि हुनुपर्ने, अति आवश्यक अवस्थामा मात्र परामर्शदाता मार्फत त्यस्ता कार्य गर्ने व्यवस्था मिलाउनुपर्ने र त्यसप्रकारका प्रतिवेदन यथाशिघ्र कार्यान्वियन गर्नुपर्ने साथै कार्यान्वियन हुन सम्भव नभएको अवस्थामा अधिकार प्राप्त अधिकारीमार्फत प्रमाणित गराई व्यवस्थित रुपमा अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने, उल्लेख भएकोमा पालिकाले गत विगत बर्षमा भएको योजनाको डि.पि.आ तयारको अभयलेख राखेको पाइएन । यो बर्ष रु.१४ लाखमा २ हजारमा तयार गरेको रु.११ करोड ६७ लाख ६१ हजारमा तयार पारेको तीन आयोजना मध्ये दुई आयोजना कार्यान्वियनमा लगेको नदेखीएकोले यसमा भएको खर्च सदुपयोग भएको देखिएन ।पालिकामा प्राविधिक जनसक्ती हुँदा हुदै पनि कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउने र स्वीकृत डि.पि.आर.को कार्यान्वियनमा पालिकाको सक्रिय पहल हुनु पर्दछ ।

| क्र.स. | योजनाको नाम | परामर्शदाता | खर्च रकम (हजारमा) | योजनाको लागत (हजारमा | कार्यान्वियनको अवस्था |
|---|---|---|---|---|---|
| १ | दमडी चोक देखि पुर्व फारम चोक सम्मको बाटोको डि पि आर | एक्ट इन्जिनियरिङ्ग कन्सल्ट प्रा लि | ५७ | ३८९९१ | ठेक्का लगाई निर्माण क्रममा रहेको |
| २ | बर्ज गाउँपालका अन्तर्गत टेग्रा खोला बुढी खोलामा समसान घाट निर्माण र जेष्ठ नागरिक भवन समेतको भवन निर्माण विस्तैत परियोजना तयारी | सावित्री इन्जिनियरिङ सर्भिसेज एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५९१ | १८१९९ | बजेट विनियोजन भई सकेको |
| ३ | बर्जुतालको दक्षिण गेट देखि बर्जुताल सम्मको सडक सौन्दर्यकरण र अफिस विल्डिङ्ग | कन्चनेश्वर कन्सल्टेण्ट्स | ७५४ | ५९५७१ | हाल सम्म कार्यान्वियन नभएको |
| जम्मा | | | १४०२ | ११६७६१ | |

४९ **निशुल्क स्वास्थ्य उपचार सहायता:-**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५को दफा ३ माविपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिमविपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता

वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्षमा पालिकाबाट ३३ जनाको लागि रु 1१६२५०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

| **क्रम** | **उपचारको किसिम** | **व्यक्ती संख्या** | **मासिक दर** | **वार्षिक रकम** |
|---|---|---|---|---|
| | क्यान्सर रोगी | २४ | ५००० | ११६५००० |
| | डाईलाइसिस गराउने | ७ | ५००० | ३४०००० |
| | मृगौला रोगी | २ | ५००० | १२०००० |
| | जम्मा | ३३ | | १६२५००० |

## ५० अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम:-

५०.१ पालिकाले अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि करुणा फाउण्डेसन र सामाजिक विकास मन्त्रालय कोशी प्रदेशसंगको त्रिपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दै आएकोमा करुणा फाउण्डेसनसंगको सम्झौता सकिएपछि पालिका र सामाजिक विकास मन्त्रालय कोशी प्रदेश दुवैको लागत सहभागितामा उक्त कार्यक्रमलाई निरन्तरता दिदै आएको छ ।यस सन्दर्भमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ ।

५०.२ **आर्थिक सहायता :-** पालिकाले हिंसा पीडित तथा बेचिबखनमा परेका, आर्थिक रुपले विपन्न तथा अशक्त व्यक्ति, प्रकोप पिडित, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक संघसंस्था एवं संस्कृति संरक्षण, अन्य समाज सुधारक व्यक्ति तथा संघसंस्थाहरुलाई आर्थिक सहायता प्रदान गर्न सक्ने अधिकार सम्बन्धी कार्यविधि बनाएको छैन । यसरी कार्यविधि नबनाइ आर्थिक सहायता प्रदान गर्दा पिडितहरुले समान अवसर नपाउन सक्छन् । पालिकाले आर्थिक सहायता सम्बन्धि कार्यविधि बनाएर आफ्ना कृयाकलापहरु सञ्चालन गर्नुपर्दछ । पालिकाले आर्थिक सहायता प्रदान गरेका केही उदाहरणहरु देहाय बमोजिम छ ।

| गो.भौ.नं. | आर्थिक सहायता पाउने व्यक्तिको नाम | आर्थिक सहायता पाउनुको कारण | प्रदान गरीएको रकम |
|---|---|---|---|
| ८।२०८०।११।२० | उमेश कुमार मुसहर | स्वास्थ्य उपचार | २००००।- |
| २८।२०८१।०२।२१ | मोहन राई | स्वास्थ्य उपचार | ११००० ।- |
| २९।२०८१।०२।२३ | ममता कुमारी पाल | स्वास्थ्य उपचार | ५००० ।- |

५०.३ **मिलिजुली समूहहरुको कोषको अवस्था:-** अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत पालिकाले अपांग व्यक्तिहरु लाभांवित हुने गरी प्रत्यक वडामा मिलिजुली समूह गठन गरी रु. ५०००० का दरले कोष स्थापना गरीदिएकोमा सदस्यहरुले मासिक शुल्क उठाउने तथा व्याजमा ऋण लगानी गर्ने गरेको छ । सो कोषको हालसम्मको प्रगति विवरण देहाय बमोजिम छ

| मिलिजुली समूह | बचत रकम |
|---|---|
| मिलिजुली समूह वडा नम्बर १ | ६७५२१ |
| मिलिजुली समूह वडा नम्बर २ | ९०२१४ |
| मिलिजुली समूह वडा नम्बर ३ | ६३००० |
| मिलिजुली समूह वडा नम्बर ४ | ८६१०० |
| मिलिजुली समूह वडा नम्बर ५ | ६०८५० |
| मिलिजुली समूह वडा नम्बर ६ | ५०९३० |

५०.४ **सञ्चालन गरीएका क्रियाकलापहरु:-** यो वर्षको सम्झौता बमोजिम निम्नानुसारका २५ वटा क्रियाकलापका लागि रु २३,४१,१५७ खर्च भएको छ । यस सन्दर्भमा कार्यक्रम संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । कार्यक्रमको उद्धेश्य प्राप्ती भए नभएको मूल्याङ्कन गर्नुपर्ददछ । कार्यक्रम सञ्चालनले अपाङ्ग व्यक्तिहरुको जीवन शैलीमा आएको सकारात्मक परिवर्तन, उनीहरुमाथी समाजले राख्ने दृष्टिकोण, आर्थिक वद्धि, आत्मनिर्भर बन्नका लागि गरीएका कार्यक्रमहरु ती क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघे ननाघेको, विधिको पालना भए नभएको र अपेक्षित प्रगति हासिल गरे नगरेको यकिन गर्न सकिएन । अनुगमन प्रणाली प्रभावकारी रुपमा सञ्चालन गरेको पाइएन । अनुगमनबाट कार्यक्रमको उपलब्धीहरुबारे विस्तृत प्रतिवेदन तयार गरी पेश गरेको छैन । बैठक भत्ता, नास्ता खर्च, यातायात खर्च, कर्मचारीहरुको तलब तथा अन्य सेवा सुविधा लगाएतका शिर्षकमा ठूलो रकम खर्च भएको छ । कार्यक्रम सञ्चालन पश्चात अपाङ्गता बारे सामाजिक चेतनाको अभिवृद्धि, उनीहरुमा उद्यमशीलता तथा स्वावलम्बीको अभिवृद्धि, अपाङ्ग शिशुको जन्मदरमा के कति कमि आयो यावतका मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन । परियोजनाको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरे नगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५०.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१ **औषधी खरीद :-**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| भौ. नं | बजेट उपशिर्षक | आपुर्तकको नाम | भुक्तानी रकम | कैफियत |
| --- | --- | --- | --- | --- |
| ३८।२०८०।०९।११ | शसर्त चालु | मेडिगोल्ड इन्टरनेशनल प्रालि | ११९३२५२ | उत्पादक कम्पनीको ना नखुलेको |
| १०९।२०८१।०१।१६ | शसर्त | मडिगोल्ड इन्टरनेसनल प्रालि | ५७०००० | उत्पादक कम्पनीको ना नखुलेको |
| १५८।२०८१।९३।१७ | शसर्त चालु | यशोदा फर्मा ट्रेडर्स | ४८९८५.४ | उत्पादक कम्पनीको ना नखुलेको |
| १७३।२०८१।०३।२० | शसर्त चालु | यशोदा फर्मा ट्रेडर्स | २८६८१ | उत्पादक कम्पनीको ना नखुलेको |
| १९७।२०८१।०३।२३ | शसर्त चालु | यशोदा भेट्स फर्मा | ९९७५० | व्याच नं expiry date नखुलाएको |
| २०१।२०८१।०३।२४ | शर्सत चालु | आर के भेटेरीनरी | १००००० | व्याच नं expiry date नखुलाएको |
| २०२।२०८१।०३।२४ | शर्सत चालु | यदुवंशी सर्जिकल ट्रेडिशङ हाउस | ६०३५२१ | आधारभूत प्रयोगशाला कार्यक्रम शिर्षकबाट |
| | | | २६४४१८९ | |

५२ **सुरक्षीत नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ अनुसार अनुदान उपलव्ध गराउदा पालिकाले स्थानीय तह संग सम्झौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्य सम्पन्न भए पस्चात स्थानिय तहको प्रविधिकवाट अनुसुची ३ वमोजिमको प्रविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था गरेको छ । पालिकाले यस बर्ष ५६ जना लाभग्राहीहरुलाई पहिलो किस्ता वापत रकम रु.१६८०००० अनुदान उपलब्ध गराएको छ । गत विगत बर्षको ६ जना लाभग्राहीको अनुसुची ३ बमोजिमको कार्य सम्पन्न प्रतिवेद पेश भई दोस्रो तथा अन्तिम किस्ता भुक्तानी भएको देखिन्छ । कार्यविधि अनुसार ५६ जना लाभग्राहीहरुको प्रति लाभग्राही रु.३०००० का दरले जम्मा रु.१६८०००० को अनुसुची ३ बमोजिम प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | १६,८०,००० |

५३ **अमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख सम्मको निर्माण कार्य अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने,सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्ने उल्लेख छ ।सामाग्रि प्रचलित खरिद नियमावलीको प्रकृया अपनाई खरिद गरी सोमा लाग्ने ज्यालाको हकमा मात्र रु.१ लाख सम्म अमानतवाट भुक्तानी गर्न मिल्ने देखिन्छ । छनौटका आधारमा परीक्षण गर्दा अमानतवाट कार्य गराउदा खर्च गर्ने अख्तियारी पाएको प्रमुख प्रशासकिय अधिकृतले १ तह माथिको स्विकृती लिई श्रमको ज्याला भुक्तानी लागि मात्र अमानतमा कार्य गराउनुपर्नेमा सामाग्रि खरिद सहितको निर्माण कार्य , सामाग्रि खरिद लगायतका कार्य सहित अमानतवाट गराएको नियम सम्मत नदेखिएको रु

| गो भौ नं | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ६८।०७।२२ | गङ्गा अधिकारी | हनुमान मन्दिर अगाडीको चौबाटो विस्तार गर्ने कार्य | ९८००० |
| ९०।०९।११ | राम चन्दा पेश्कर | सिंह देवि मन्दिरमा माटो पुर्ने काम | ९३५०० |
| १०४।१०।११ | चन्दान प्रसाद चौधरी | मिलन चोकमा खाली गराएको घर टहराको ठाउँमा माटो पुर्ने कारेय | ६०००० |
| १२७।१२।०६ | रंजय कुमार चौधरी | धत्ताटोल देखि पुर्व विजय यादवको घर देखि वृजेन्द्रको खेत सम्म सडक बाटोमा माटो पुर्ने कार्य | ९४०९४ |
| १४६।१२।१९ | आलम अन्सारी | सि जि आघ सेट लगाउने कार्य | ९६७५७ |
| १७४।०१।१६ | कविता चौधरी | होमपाइप जडान कार्य | ८५९०० |
| १९९।०२।१३ | अशोक कुमार यादव | फारम चोक देखि ट्रान्सफर्मर सम्म बाटो मर्मत | ८८०७८ |
| २०५।०२।२० | निर्मला ओली | संसारी माई थानमा शौचालय निर्माण | ६७७०० |
| २३६।०३।२२ | अमृता कुमारी चौधरी | वडा नं. ६ मा रहेको चिमडी बजार हटियमा गिट्टी हाली मर्मत संभार तथा सम्म्याउने | ८३७२० |
| जम्मा | | | ७६७७४९ |

| | |
|---|---|
| अनियमित भएको | ७,६७,७४९ |

५४ **श्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा मूल्याङ्कन रु.१५९४३७३ भएकोमा उपभोक्ता समितिको योगदान रु.१५९४३७.४ हुनुपर्नेमा उपभोक्ता समितिले जम्मा रु.१५०००० मात्र व्यहोरेकोले कम योगदान रु.९४३७ कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको कम योजदान बराबरको रकम असूल हुनुपर्ने रु.

| गो.भौ.नं. | उपभोक्ता समिति र काम | समंझौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ता समितिले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| २४१।०३।२३ | कट्टुवाल टोल बाटो आर सि सि ढलान निर्माण उ स | १६०४७८८ | १५९४३७४ | १० | ९४३७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४३७ |

५५ **दाखिला प्रतिवेदन पेश:-**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । गोश्वारा भौचर नं ४०।२०८०।०९।१६ अनुसार पालिकाले विभिन्न सामाग्री खरीद वापत साह ट्रेड ग्रुपलाई रु. ७८००० भुक्तानी दिएको छ । दाखिला प्रतिवेदन अनुसार मुल्यअभिवृद्धि कर सहित ६५२०१ बराबरको मात्र दाखिला भएको देखिन्छ । बाँकि रु. १२७९९ बराबरको दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७९९ |

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम:-**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री

रोजगार कार्यक्रम सञ्चाजलन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरी विकासात्मक कार्यका लागि रोजगार कार्यक्रम सञ्चामलन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेको छ । यो कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो सरसफाइ तथा सडक स्तरोन्नति कार्यक्रम सञ्चालन गरी यस वर्ष ११ वटा योजनाहरुमा १७९ जनालाई औसतमा ४१.७२ दिनका दरले १९२० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु. ४९८९८६२४ र प्रशासनिक तथा कार्यक्रम खर्च रु. १९५४१३७ गरी कुल रु. ६९४२७६१ खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । पालिकाले दीगो विकास तथा दीर्घकालीन रोजगारी सृजना हुने विकासात्मक कार्यतिर जोड दिनुपर्दछ । पालिकाबाट सञ्चालित प्रधानमन्त्री रोजगार अन्तर्गतका केही योजनाहरुको निम्नानुसार छन ।

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **बंगुर पकेट कार्यक्रम:-**

प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वियन म्यान्युअल २०७७ अनुसार नयाँ बंगुर पकेट कार्यक्रम अन्तर्गत पालिकाले नवज्योति महिला बंगुरपालन कृषक समितिलाई बंगुर पालन निरन्तरता कार्यक्रमको निरन्तरताका लागि रु ६ लाख अनुदान भुक्तानी गरेको छ । जसमा देखिएका व्यहोरा निम्नानुसार छन्

• पालिकाले सन्जु बंगुर पालन फर्मबाट रु ३९०० का दरले ६० वटा बंगुरको पाठी खरीद गरी कृषकहरुलाई वितरण गरेको छ । खरीद गर्नुपर्ने बंगुरको जात तथा विशेषता नखुलाई खरीद गरी ६० जना कृषकलाई एक एक वटा बंगुरको पाठी वितरण गरेको छ ।

• प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयन म्यान्युअल २०७७ को परिच्छेद ४ को ४.१.४ मा पकेटको लागि क्षेत्रफल/संख्याको न्युनतम आधार तोकिएको छ । जहाँ तराईका जिल्लाहरुमा न्युनतम १०० वटा, पहाडमा ८० वटा र हिमाली क्षेत्रमा ६० वटा हुनुपर्ने भनिएको छ । पालिकाले यस तर्फ ध्यान दिएको पाइएन ।

• सोही म्यानुअलको ४.१.१३ (क) मा अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धि व्यवस्था छ । परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने तथा स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सजहजीकरण गर्नु पर्ने भनिएको छ । सो अनुसारका कार्यक्रम सञ्चालन गरेको छैन ।

• त्यस्तै ४.१.१३ (ख) मा स्थानीय तहको कृषि/पशु सेवा शाखाले खर्च र उपलब्धि सम्बन्धी चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी जिल्ला स्थित परियोजना कार्यान्वियन इकाई र प्रदेश सरकार अन्तर्गतको कृषि/पशु सेवा हेर्ने निकायमा पेश गर्नु पर्नेछ भनिएकोमा कुनै किसिमको प्रगति प्रतिवेदन तयार गरीएको छैन् ।

• यस किसिमका कार्यक्रममा लाभग्राहीको लागत सहभागिता हुनुपर्नेमा लाभग्राहीको तर्फबाट लागत सहभागिता भएको छैन । लागत सहभागिता नभएको कार्यक्रममा लाभग्राहीले अपनत्वको महशुस नगर्न सक्छन । फलस्वरुप कार्यक्रमको उद्देश्य हासिल हुन सकिदैन ।

• उक्त कार्यक्रममा ६० वटा बंगुरको पाठापाठी वितरण भएकोमा ५० वटा बंगुरको मात्रै बिमा गरेको छ । सोही बीमा वापत रु. १७५०० खर्च भएको देखिन्छ । तर कार्यक्रमको लागत अनुमान तयार गर्दा रु ४५०० मात्रै बिमा वापतको खर्च उल्लेख गरेको छ । अत बंगुरको विशेषता नुखुलाको, सबै बंगुरको विमा गराउनुपर्नेमा नगरेको साथै रउक्त कार्यक्रमको अनुगमन तथा सार्वजजिक सुनुवाई नभएकोले पाइएकोले नियमसम्मत मान्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

५८ **खाद्यान्न बालीको उन्नत बीउ उपयोग अनुदान :-**

५८.१ बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद ४ को दफा १०(ठ) मा कृषकलाई उन्नत बीउमा दिइने अनुदान मुल्यमा बढीमा ५० प्रतिशत दिने व्यवस्था छ । त्यस्तै दफा ७ मा अनुदानग्राहीले एकपटकमा एउटै प्रकृतिको कामको लागि कुनै एक ठाउँबाट मात्र अनुदान लिन सक्ने तथा यसरी अनुदान प्राप्त गर्ने अनुदान ग्राहीको विवरणसहितको व्यवस्थित अभिलेख डेसिसमा

अनिवार्यरुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले धानको विउ खरिद गरी ५० प्रतिशत लागत साझेदारीमा कृषकले दिएको मागको आधारमा विउ वितरण गरेको छ । खरीद गरीएको धानको विउ नउम्रेको भनि किसानहरुबाट गुणासो आएपछि आपुर्तिकर्ताहरुलाई बाँकि बिउ फिर्ता गरी रु. ७३६३७५/- बराबरको मात्रै भुक्तानी गरेको छ । नउम्रने वीउ वापतको रकम विक्रेतालाई भुक्तानी दिनुहुदैन । पालिकाले यस किसिमका विउ खरीद गर्दा गुणस्तरीयताको ख्याल राखि खरीद गर्नुपर्दछ ।

| **भौ नं मिति** | **आपुर्ति कर्ता** | **परिमाण दर** | **कुल मुल्य** |
|---|---|---|---|
| १५५।२०८१।३।१६ | ओम सीड्स अर्गानिक फर्टिलाइजर एण्ड एग्रोभेट सेन्टर | ११०० केजी | ३७९७१७ |
| | जयकृष्ण विउ उत्पादन कृषक सहुह | १५७५ केजी | १०३४२५ |
| | मेची कृषक बहुमुखी सहकारी संस्था लि | २००० केजी | ८७३९४ |
| | शंकर खाद्य विज भण्डार | २०७० केजी | १३९१०६ |
| | सिनुवारी महिला कृषि सहकारि संस्था लि | | १५६८६ |
| जम्मा | | | ७३६३७५ |
| पालिकाले व्यहोर्को जम्मा रु | | | ३६८१८७५.५५ |

५८.२ **भर्पाई पेश गर्नुपर्ने:-** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्य नियमाबली २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि आवश्यक बिल भरपाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ । गोश्वारा भौचर नं १५५।२०८१।०३।१६ अनुसार पालिकाले जम्मा रु. ७३६३७५ बराबरको धान खरीद गरी कृषकहरुलाई वितरण गरेको छ । कृषकले बुझिलिएको धानको भर्पाई अनुसार वडा नं ३, ४, ५ र ६ का कृषकहरुबाट जम्मा रु. ३०२२६७ मुल्य बराबरको मात्र विउ बुझिलिएको भर्पाई पेश भएकोले बाँकि रु. ४३४१०८ मुल्य बराबरको बिउ कृषकहरुले बुझिलिएको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३४,१०८ |

५९ **प्राविधिक धार विद्यालय अनुदान** (69-२०८०-१०-२५):

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री अनुदान अन्तर्गत प्राविधिकधार कक्षा ९ देखि कक्षा १२ सम्म सञ्चालन भएका विद्यालयलाई शिक्षण सामाग्री तथा (Lab Assistant, Equipments and Practical materials, OJT, Operation cost) का लागि प्रति विद्यार्थी वार्षिक रु. १५००० दरले अनुदान निकासा दिने तथा अनुदानबाट प्रत्येक विद्यार्थीको बैंक खातामा मासिक रु. १००० का दरले जम्मा गर्नुपर्नेमा व्यवस्था छ । सोही व्यवस्था अनुसार प्राविधिक धारको ईलेक्ट्रीकल ईन्जिनियरिङ्ग कक्षा सञ्चालन भएको श्री रामसिता माध्यमिक विद्यालय बर्जु सुनसरीलाई रु. १६५०,००० अनुदान भुक्तानी भएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले कार्यक्रम सञ्चालन गरी अनुदान रकम खर्चको प्रमाण कागजात तथा कार्यप्रगति प्रतिवेदन गरेको पाइएन। अनुदान रकमको खर्च विवरण सहित कार्यप्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५०,००० |

६० **विद्यालय अनुदान निकासाको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन

कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

६१ **संस्थागत विद्यालयको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको र गरीव तथा विपन्न छात्रबृत्ति प्रदान गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ

६२ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

| **विद्यालय संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | रिक्त | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|
| २७ | १४८ | १४७ | १ | नखुल्ने |

६३ **शैक्षिक गुणस्तर सुद्धीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को कृयाकलाप नं २.७.१३.१३ को उपकृयाकलाप नं ९.१ अनुसार शैक्षिक ब्यवस्थापकिय सुधार,सुशासनमा उष्कृष्ट कार्य गरेका विद्यालयलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिन सकिने ब्यवस्था रहेकोमा यस वर्ष पालिकाले तपसिल बमोजिमका विद्यालयहरुलाई तपसिल बमोजिमको अनुदान विद्यालयको सामाजिक परीक्षणका आधारमा उत्कृष्ट अंक हासील गर्ने विद्यालयलाई कार्यसम्पादन प्रोत्साहन अनुदान वितरण गरेको देखिन्छ ।

| विद्यालयको नाम | भुक्तानि रकम रु |
|---|---|
| श्री रामसिता मा वि | २००००० |
| नेपाल राष्ट्रिय मा वि | ३००००० |

६४ **राजस्व दाखिला**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २९ को उपदफा १ मा प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने कुरा उल्लेख छ । यस पालिकाको वडा नम्बर १ मा विभिन्न शीर्षक अन्तर्गत उठेको राजस्व वापतको रु ६८३७५४।५४ बैंङ्क दाखिला गरेको नदेखिएकोले उक्त रकममा प्रचलित कानून बमोजिम ब्याज एवं हर्जाना रकम समेत गणना गरी बैङ्क दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,८३,७५४ |

६५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तीको स्रोत | वार्षिक अनुमानित आय | आम्दानी | प्रतिशत |
|---|---|---|---|
| ११३१३ - सम्पती कर | ० | ९१२५९१.१८ | ०.०० |
| ११३१४ - भुमिकर/मालपोत | २२०००००. | १८९५०६८.०४ | ८६.१४ |
| ११३१७ - वहाल कर | ५०००००. | ९३३८४८.९९ | १८६.७७ |
| ११३१८ - वहाल विटौरी कर | १५०००००. | २२२०९५. | १४.८१ |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | १०००००. | ० | ०.०० |
| ११४७९ - अन्य मनोरञ्जन कर | १००००००. | ० | ०.०० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ३३७६००. | ०.०० |
| ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | २०००. | ०.०० |
| ११६९१ - अन्य कर | १६१००००. | १४१५१३२.५ | ८७.९० |
| १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | १५१९००. | ०.०० |
| १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | १०००००. | ० | ०.०० |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | १०००००. | ९०७६०. | ९०.७६ |
| १४२२१ - न्यायिक दस्तूर | ५००००. | २३९३०. | ४७.८६ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | २०००००. | ० | ०.०० |
| १४२२४ - परीक्षा शुल्क | १०००००. | ६९१००. | ६९.१० |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५०००००. | २१७४१०. | ४३.४८ |
| १४२४१ - पार्किङ्ग शुल्क | १०००००. | ० | ०.०० |
| १४२४२ - नक्सापास दस्तुर | ३०००००. | १५३४२०. | ५१.१४ |
| १४२४३ - सिफारिश दस्तुर | १३०००००. | ४४५८९४५.८८ | ३४३.०० |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ०.०० |
| १४२४५ - नाता प्रमाणित दस्तुर | १५००००. | १५१५००. | १०१.०० |
| १४२४९ - अन्य दस्तुर | १६०००००. | ४३१३४८७.३ | २६९.५९ |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९०००००. | ३१८२००. | ३५.३६ |
| १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ० | १०००. | ०.०० |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००००. | १६१२००. | ३२.२४ |
| १४३१३ - धरौटी सदरस्याहा | १०००००. | ० | ०.०० |
| १४५२१ - प्रदुषण नियन्त्रण शुल्क | १५००००. | ० | ०.०० |
| १४५२९ - अन्य राजस्व | ० | १६०००. | ०.०० |
| १४६११ - व्यवसाय कर | ० | ३२७००. | ०.०० |
| १५१११ - बेरूजू | १००००००. | १०५१२०. | १०.५१ |
| | | | |

| | | | |
|---|---|---|---|
| १५११२ - निकासा फिर्ता | १०००००. | ० | ०.०० |
| जम्मा | १४१६००००. | १५९८३२०८.८९ | ११२.८८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३२७००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६७ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार एक व्यवसायिबाट रु. २५०१००। असुल गर्न बाँकी रहेको छ ।

| **क्र.सं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | श्री ज्योति कुमार चौपडी, बर्जु-६, चिमडी | चिमडीको रवीहाट, चिमडीको राजाजी मन्दिर, चिमडीको जानकी चौक, चिमडी राजाजी मन्दीर दैता चिमडी बजार | ५००१०० | २५०००० | २५०१०० |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जाना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०,१०० |

६८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १४१६००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ११७१९२३९।२६ अर्थात अनुमान भन्दा १७।२४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ९१२५९१ | ० |
| घरजग्गा वहाल कर | ५००००० | ९३३८४८ | १८६।७७ |
| व्यवसाय कर | ० | ३२७०० | ० |
| वहाल विरौटी शुल्क | १५०००००० | २२२०९५ | १४।८१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

७० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा कुल खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५११४३४६६।२६ | १५९८३२०८.८९ | ३.५४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहको कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५४६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७१ **खर्चको प्रमाण पेश गर्ने** (1250-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली 2077 को नियम 39(5) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यावस्था भएकोमा पालिकाले भुक्तानी बाँकी दायित्व शिर्षकबाट एम.के.ग्रुपलाई गत आ.व.को सवारी मर्मतको रकम भुक्तानी गर्दा खर्चको आवस्यक प्रमाण वेगरै भुक्तानी दिएको हुँदा खर्च प्रमाण पेश गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४७,३७४ |

७२ **बढी भुक्तानी** (1333-):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्याक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नु पर्ने छ गाउँपालिकाले लोकसेवा तयारी कक्षा सञ्चालन गर्न एम.इ.टी. इन्स्टिच्यूट प्रा.ली. संग सम्झौता भई कार्यक्रम सञ्चालन भएकोमा, सो फर्म र गाउँपालिका विच भएको सम्झौताको शर्तहरुमा शर्त नं. 1 मा 50 जना प्रशिक्षार्थीहरुको लागि कक्षा सन्चालन गर्नुपर्ने छ भनि उल्लेख भएकोमा 25 जना प्रशिक्षार्थी हरुले मात्र कक्षामा सामेल भएको पाइयो । आर्थिक प्रस्तावमा उल्लेख भएअनुसार प्रशिक्षार्थिहरुलाई खर्च हुने रकमलाइ सहभागी संख्या ले भाग गर्दा प्रति प्रशिक्षार्थी रु 960 का दरले बढि भुक्तानी भएको रकम रु 24000/- साथै कोशी प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन 2075 मा पदाधिहरुको लागि अनुगमन भत्ता सम्बन्धी भएको व्यावस्था अनुसार मासिक रुपमा अनुगमन भत्ता उपलब्ध गराएको देखिन्छ ।यहाँ यस संस्थाले पदाधिकारी अनुगमनको लागी रु 3000/- खर्च पेश गरेको र पदाधिकारीले अनुगमन भत्ता लिन नमिल्ने हुँदा उक्त रकम असुल गर्नेपर्ने 3000/- गरी जम्मा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,००० |

७३ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 को उपनियम 10 मा जिम्मेवारी व्याक्तीले सरकारी रकम खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका कर्मचारी/पदाधिकारी/फर्म/कम्पनी लाई पेश भएको विल भर्पाई भन्दा बढि रकम भुक्तानी दिएको पाइएकोले भुक्तानी लिने कर्मचारी/पदाधिकारी/फर्म/कम्पनी बाट असुल गर्नुपर्ने रु

| क्र.स. | गो.भौ.नं./मिति | भुक्तानी लिनेको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|---|
